प्रेस विज्ञप्ति

## सम्माननीय प्रधानन्यायाधीशसँग जापानका राजदूतको भेट

मिति २०७६।०३।२४ गते बिहान १०:३० बजे सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू र नेपालका लागि जापानका राजदूत H.E. Mr. Masamichi Saigo बीच सर्वोच्च अदालतको विशिष्ट कक्षमा शिष्टाचार भेट सम्पन्न भयो।

शिष्टाचार भेटमा जापानका राजदूतले सम्माननीय प्रधानन्यायाधीशज्यूलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामनासमेत व्यक्त गर्नु भयो। सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले महामहिम राजदूतलाई धन्यवाद दिंदै नेपाल र जापानको न्यायपालिकाको सम्बन्धले दुई देशवीचको सम्बन्धलाई अझ बढी सुदृढ र प्रगाढ बनाउने विश्वास व्यक्त गर्नु भयो।

भेटवार्तामा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रार, प्रधानन्यायाधीशको निजी सचिवालयका अधिकृतहरु, अन्तराष्ट्रिय सम्वन्ध र समन्वय शाखाका अधिकृतहरु, र परराष्ट्र मन्त्रालयका अधिकृतकोसमेत उपस्थिति रहेको थियो।

**२०७६।०३।२४ गते, मंगलबार**